आज मिति २०८२।१०।२० गते (ने.स.११४६ सिल्लागा द्वितीया) मंगलबार दिन विहानको ०८:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८२/८३ को एघारौ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| कपिल पाण्डे | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| प्रविन पोखरेल | प्रशासकीय अधिकृत | |
| राजेन्द्र प्रसाद आचार्य | स. लेखा अधिकृत | |
| प्रताप बकुताल | का.स. | |
| | | |
| | | |

**निर्णय नं १**

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भइरहेको पाइयो ।

**निर्णय नं २**

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिकाबाट चालु आ.व. ०८२/०८३ मा कार्यान्वयनको चरणमा रहेका योजना/ परियोजनाहरुलाइ थप प्रभावकारी एवं समयमै सम्पन्न गर्न/गराउन सम्वन्धित शाखा, पक्षलाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ३**

प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. २०८३/०८४ मा तपसिल अनुसाको सङ्घीय समपुरक तथा सङ्घीय विशेष अनुदान माग गर्ने।

तपसिलः

| क.सं. | सङ्घीय समपुरक अनुदान तर्फ | क.सं. | सङ्घीय विशेष अनुदान तर्फ |
|---|---|---|---|
| १. | भुरुङ तातोपानी कुण्डमा संरचना निर्माण। | १. | आदर्श मा.वि. को भवन निर्माण। |
| २. | मुक्तिमार्ग मा.वि. को चारकोठे भवन निर्माण। | २. | नारच्याङ झरना व्यवस्थापन। |
| ३. | घारखोला-नेपाने-पाउद्वार-किन्दु-स्वात-शिख सडक स्तरोन्नति। | ३. | रुप्से झरना व्यवस्थापन। |

**निर्णय नं ४**

प्रस्ताव नं ४ उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, म्याग्दीको च.नं. १६०१, मिति २०८२/०९/२५ गतेको पत्रानुसार अनुसारको स्थानीय शान्ति तथा सामाजिक सद्भाव समिति गठन गरियो।

**निर्णय नं ५ः**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने।

क. अन्नपूर्ण गाउँपालिका वडा नं. २ मा रहेको तातोपानी कुण्डको जग्गा प्राप्तीको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन जग्गाधनी हरुलाई पत्राचार गर्ने।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

ख. अन्नपूर्ण गाउँपालिका वडा नं. ४ मा सञ्चालनमा रहेको निलगिरीखोला हाइड्रोपावर कम्पनीलाइ विभिन्न ३ वटा समुहमा पर्ने गरि प्रभावित क्षेत्रको रुपमा शेयर प्रदान गर्नको लागि पत्राचार गर्ने।

ग. जिल्लाभित्रका क्रियाशिल पत्रकारहरु संग यसै गाउँपालिका भित्रका धार्मिक, पर्यटकीय, शिक्षा, स्वास्थ्य, कृषी, सेवा प्रवाह, कला संस्कृति, पूर्वाधार तथा अन्य स्थलहरुको प्रचार प्रसार गर्न लेखनसिप तथा Documentry तयार गर्नको लागि सम्झौता गर्ने।

घ. जिल्ला प्रहरी कार्यालय बेनी, म्याग्दीको चं.नं. ८४८,मिति २०८२/०९/२० को पत्र अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं. ३ दाना स्थित ३/क, कित्ता नं. ८२, १७-३-०-१ क्षेत्रफलको जग्गा नेपाल सरकारको नाममा रहेको हुँदा उक्त जग्गा सम्बन्धित ईलाका प्रहरी कार्यालयको नाममा दर्ता कायम गर्ने प्रयोजनको लागि आवश्यक प्रक्रिया अगाडी वढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने।

ङ. मिति २०८२/०७/२१ गतेदेखी २२ गतेसम्म म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला सुरक्षा समितिका पदाधिकारी सहित २२ जनाको टोलिले अन्नपूर्ण प्रथम आधार शिविर अवलोकन गर्दा भएको खर्च रकम रु.७५,७००/- (पचहत्तर हजार सात सय रुपैया मात्र) भुक्तानी दिने। साथै मिति २०८२/१०/०७ गतेदेखि ऐ. ८ गतेसम्म अन्नपूर्ण आधार शिविरमा विधुत र संचार सूविधाको लागि अध्ययन अनुगमन गर्न गएबापतको खाना/खाजा रकम रु.५१,६५०/-(एकाउन्न हजार छ सय पचास रुपैया मात्र) भुक्तानी दिने।

च. जिल्ला समन्वय समितिको कार्यलय, म्याग्दीको आ.व. २०८१/०८२ को अनुगमन प्रतिवेदन उपर छलफल गरियो।

छ. गत आ.व. २०८१/०८२ मा प्रदेश सरकारबाट समपुरक अनुदान अन्तर्गत "घराम्दी खिबाङ सडक निर्माण" आयोजनाको विविध कारणले निर्माण कार्य सम्पन्न नभएको र म्याद थपका लागि निवेदन पेश भएकाले २०८३ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष